मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या ०७८।०८०

चलानी नं. : १८२४

मिति २०८०।०२।०२

विषय- नगरसभाको तयारी तथा कार्यक्रम सम्बन्धमा ।

श्री सबै वडा कार्यालयहरु(१-९),
श्री सबै शाखाहरु,
मटिहानी नगरपालिका
श्री मटिहानी नगरपालिका भित्र रहेका र मटिहानी नगरपालिका भित्र काम गर्न ईच्छुक सबै गैर सरकारी संघ, संस्था/उपभोक्ता समिति/सहकारी संस्था लगायतका सामाजिक तथा सामूद्यायिक संघसंस्थाहरु ।

प्रस्तुत विषयमा यस मटिहानी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम तर्जुमा गर्नका लागि दोश्रो कार्यकालको तेश्रो नगरसभा निम्न कार्यक्रम अनुसार यहि मिति २०८० साल असार ०६ गते बुधवार दिनको १०:०० बजे देखि प्रारम्भ हुने भएकोले निम्न तालिका अनुसार हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा लगायतका कार्यमा सहयोग गरी दिनु हुन तथा आगामी आ.व. २०८०।०८१ को लागि वडास्तरीय/नगरस्तरीय र शाखागत सञ्चालन हुने कार्यक्रम तथा बजेट तयार गरी पेश गर्नु हुन कार्यापालिकाको मिति २०८०।०२।०२ गतेको बैठकको निर्णय प्रतिलिपी समेत यसैसाथ संलग्न राखी पठाईएको न्यहोरा जानकारीको लागि अनुरोध छ ।

निम्नः

सि.नं.	कार्यक्रम विवरण	मिति	कार्यान्वयन
१	बस्ती/टोल स्तरबाट योजना छनौट	२०८०।०२।०७ देखि ०८०।०२।०८ सम्म	वडा समिति र समितिका तोकिएका सदस्य
२	वडा स्तरीय योजना प्राथमिकीकरण	२०८०।०२।१० गते	वडा समिति र कार्यालय
३	वडाबाट छनौट भएका योजना नगरपालिकामा पेश गर्ने	२०८०।०२।१४ गते	वडा समिति र कार्यालय
४	क. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा	०८०।०२।१५ देखि २०८०।२।३० सम्म	विषयगतसमिति/महाशाखा/शाखा, बजेट तथा कार्यक्रम तर्जुमा समिति
	ख.योजना नगर कार्यापालिकामा सिफारिस	२०८०।०३।०१	बजेट तथा कार्यक्रम तर्जुमा समिति
५	कार्यपालिकामा छलफल तथा निर्णय	२०८० असार ०४ गते दिनको ८:३० बजे देखि.....	नगर कार्यपालिका
६	नगरसभा प्रारम्भ/बजेट तथा कार्यक्रम माथि छलफल	२०८० असार ०६ गते दिनको ११:३० बजे देखि	नगरसभा
७	नगरसभाबाट वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति	२०८०।०३।२५ गते	नगरसभा

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुधाम, धनुषा ।
श्री जिल्ला समन्वय समतिको कार्यालय, महोत्तरी, जलेश्वर, महोत्तरी ।
श्री जिल्ला प्रशासन कार्यालय, महोत्तरी, जलेश्वर ।
श्री नगर प्रमुखज्यू , नगर उपप्रमुखज्यू , कार्यापालिकाका सदस्यज्यूहरु ।
श्री सूचना प्रविधि शाखा,
मटिहानी नगरपालिकाः वेबसाईड, फेसबुक पेजमा राखी सबैलाई ईमेल गरी दिनु हुन ।

०२/०२

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बैठक संख्या:.....

आज मिति २०८० साल जेष्ठ २ गते मंगलबारका दिन बिहान ८:०० बजे मटिहानी नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हरि प्रसाद मण्डलज्यूको अध्यक्षता र निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

तपसिल

क्र.सं.	नाम, थर	ठेगाना	पद	हस्ताक्षर
१.	श्री हरि प्रसाद मण्डल	मटिहानी न.पा.	नगर प्रमुख	
२.	श्री मंजु देवी साह	मटिहानी न.पा.	नगर उपप्रमुख	मंजु
३.	श्री शिवशंकर कुमार राय	मटिहानी न.पा.-१	वडाध्यक्ष	
४.	श्री मो. रयूप	मटिहानी न.पा.-२	वडाध्यक्ष	
५.	श्री नाजिर मिया	मटिहानी न.पा.-३	वडाध्यक्ष	
६.	श्री अब्दुल गफार राइन	मटिहानी न.पा.-४	वडाध्यक्ष	
७.	श्री मिश्री नायक	मटिहानी न.पा.-५	वडाध्यक्ष	
८.	श्री कलिम अंसारी	मटिहानी न.पा.-६	वडाध्यक्ष	
९.	श्री जितनारायण माझी	मटिहानी न.पा.-७	वडाध्यक्ष	
१०.	श्री रितेश कुमार साह	मटिहानी न.पा.-८	वडाध्यक्ष	
११.	श्री मदन चौधरी	मटिहानी न.पा.-९	वडाध्यक्ष	
१२.	श्री राम पदारथ साह	मटिहानी न.पा.-१	कार्यपालिका सदस्य	
१३.	श्री अरुण कुमार नाहर	मटिहानी न.पा.-८	कार्यपालिका सदस्य	
१४.	श्री मनतोरिया देवी	मटिहानी न.पा.-१	कार्यपालिका सदस्य	
१५.	श्री गेना देवी पासवान	मटिहानी न.पा.-७	कार्यपालिका सदस्य	गेना देवी
१६.	श्री सुनकेशी कुमारी चौधरी	मटिहानी न.पा. ८	कार्यपालिका सदस्य	सुनकेशी
१७.	श्री दुलारी देवी	मटिहानी न.पा. ८	कार्यपालिका सदस्य	दुलारी
१८.	श्री सकुनी देवी	मटिहानी न.पा. ९	कार्यपालिका सदस्य	सकुनी
१९.	श्री चन्द्रशेखर शर्मा	मटिहानी न.पा.	प्रमुख प्र. अधिकृत	
	अन्य उपस्थिती			
२०.	श्री राजेश कुमार शर्मा	मटिहानी न.पा.	अधिकृत छैठौं	
२१.	श्री राम जीवन साह	मटिहानी न.पा.	जनस्वास्थ्य अधिकृत	
२२.	श्री सुनिल कुमार महत्तो	मटिहानी न.पा.	सह-लेखापाल	

CamScanner

बैठकका विषयसूचीहरुः

१. वडागत बजेट सिलिङ्ग निर्धारण गर्ने सम्बन्धमा ।
२. आगामी आ.व. ०८०।०८१ को बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु सम्बन्धमा ।

कार्यपालिका बैठक (मिति २०८०।०२।०२) का निर्णयहरुः

निर्णय नं. १

यस मटिहानी नगरपालिकाको आगामी आ.व. २०८०।०८१ का लागि वडागत बजेट सिलिङ्ग तथा मार्गदर्शन देहाय बमोजिम निर्धारण गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

बजेट सिलिङ्ग तथा मार्गदर्शन

आगामी आ.व. २०८०।०८१ को वडास्तरबाट छनौट हुने आयोजना तथा कार्यक्रमहरुको मार्गदर्शन देहाय बमोजिम हुनेछ ।

यसमा वडा कार्यालय सञ्चालनको लागि प्रत्येक वडालाई चालु खर्च तर्फ मासिक रु.२५ हजारका दरले बार्षिक रु. ३ लाख तथा पुँजीगत खर्च रु.५७ लाख गरी जम्मा रकम रु.६० लाखको बजेट सिलिङ निर्धारण गरिएको छ । जसलाई विभिन्न उपशिर्षकहरुमा विभाजन गरिनुपर्नेछ । नगरसभाबाट स्वीकृत भएपछि अनिवार्य रुपमा जुन जुन शिर्षक वा उपशिर्षकमा बजेट स्वीकृत भएको हो सोको सिमा भित्र अनिवार्य रुपमा रही आ.व. ०८०।०८१ का लागि खर्च गर्नुपर्नेछ । खर्च गर्दा नियमानुसारको बील भर्पाई समेत पेश गर्नुपर्नेछ ।

यसमा भाडामा घर लिएको वडाको लागि घरभाडा र साविकमा कर्मचारीका लागि मुख्य कर्यालयबाट भुक्तानी दिईनेछ ।

आगामी आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी मिति २०८०।०२।१४ गतेभित्र मटिहानी नगरपालिका अन्तर्गतका सबै वडा कार्यालय/सबै विषयगत समिति/शाखालाई पेश गर्न निर्देशन गर्नेः

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरुसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।
२. सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ ।
३. चालु आर्थिक वर्षमा संचालित स्थानीय गौरव, रुपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ।

CamScanner

४. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रुपमा धेरै आयोजना छनौट नगरी ठोस, उपलब्धिमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरुको छनौट गर्नु पर्नेछ ।

५. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

६. स्थानीय तहमा राजस्व अभिबृद्धी गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

७. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।

८. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

९. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सह[illegible] हुने आयोजना तथा कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।

१०. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

११. भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१२. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१३. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ ।

१४. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्तिलक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ ।

१५. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र संभाव्यता अध्ययन, सर्वेक्षण, ड्रइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र साँस्कृतिक रुपमा संभाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१६. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/संस्थासँग रायपरामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

CamScanner

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रगत र विषयगत उप-क्षेत्रअनुसार छुट्टाछुट्टै रुपमा तर्जुमा गर्नु पर्नेछ ।

१८. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१९. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दीगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंगिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

२०. स्थानीय तहको योजनातर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ ।

निर्णय नं. २

यस मटिहानी नगरपालिकाको आगामी आ.व. २०८०।०८१ का लागि बजेट तथा कार्यक्रम तर्जुमा चरणहरु तथा वडागत भेला देहाय बमोजिम सम्पन्न गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

बजेट तथा कार्यक्रम तर्जुमा चरणहरुः

सि.नं.	कार्यक्रम विवरण	मिति	कार्यान्वयन
१	वस्ती/टोल स्तरबाट योजना छनौट	२०८०।०२।०७ देखि ०८०।०२।०८ सम्म	वडा समिति र समितिका तोकिएका सदस्य
२	वडा स्तरीय योजना प्राथमिकीकरण	२०८०।०२।१० गते	वडा समिति र कार्यालय
३	वडाबाट छनौट भएका योजना नगरपालिकामा पेश गर्ने	२०८०।०२।१४ गते	वडा समिति र कार्यालय
४	क. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा	०८०।०२।१५ देखि २०८०।२।३० सम्म	विषयगतसमिति/महाशाखा शाखा बजेट तथा कार्यक्रम तर्जुमा समिति
	ख.योजना नगर कार्यापालिकामा सिफारिस	२०८०।०३।०१	बजेट तथा कार्यक्रम तर्जुमा समिति
५	कार्यपालिकामा छलफल तथा निर्णय	२०८० असार ०४ गते दिनको ८:३० बजे देखि.....	नगर कार्यपालिका
६	नगरसभा प्रारम्भ/बजेट तथा कार्यक्रम माथि छलफल	२०८० असार ०६ गते दिनको ११:३० बजे देखि	नगरसभा
७	नगरसभाबाट वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति	२०८०।०३।२५ गते	नगरसभा

CamScanner

वडा भेलाको कार्यतालिका

सि.नं.	मटिहानी नगरपालिका वडा कार्यालय	बस्ती/टोल स्तरबाट योजना छनौट हुने मिति	स्थान	समय	कार्यान्वयन (जिम्मेवारी)
१	१ नं. वडा कार्यालय, धिरापुर	२०८०।०२।०७	सिरसिया	दिनको १:०० बजे	कार्यपालिका सदस्य-श्री मनतोरिया देवी, वडा समिति, वडा सचिव
		२०८०।०२।०८	सानो धिरापुर	दिनको १:०० बजे	कार्यपालिका सदस्य-श्री मनतोरिया देवी, वडा समिति, वडा सचिव
२	२ नं. वडा कार्यालय, धिरापुर	२०८०।०२।०७	सिरसिया	बिहान ८:०० बजे	कार्यपालिका सदस्य-श्री रामपदारथ साह,वडा समिति, वडा सचिव
		२०८०।०२।०७	ठूलो धिरापुर	दिनको १:०० बजे	कार्यपालिका सदस्य-श्री रामपदारथ साह,वडा समिति, वडा सचिव
		२०८०।०२।०८	आवर	बिहान ८:०० बजे	कार्यपालिका सदस्य-श्री रामपदारथ साह,वडा समिति, वडा सचिव
		२०८०।०२।०८	बरदाहा गोठ	दिनको १:०० बजे	कार्यपालिका सदस्य-श्री रामपदारथ साह,वडा समिति, वडा सचिव
३	३ नं. वडा कार्यालय, बरदाहा	२०८०।०२।०७	बरदाहा टोल	दिनको १:०० बज	कार्यपालिका सदस्य-श्री सुनकेसीं कुमारी चौधरी, वडा समिति, वडा सचिव
		२०८०।०२।०८	आवर	दिनको १:०० बज	कार्यपालिका सदस्य-श्री सुनकेसी कुमारी चौधरी, वडा समिति, वडा सचिव
४	४ नं. वडा कार्यालय, मझौरा विसनपुर	२०८०।०२।०७	मझौरा	दिनको १:०० बजे	कार्यपालिका सदस्य-श्री अरुण कुमार नाहर,वडा समिति, वडा सचिव
		२०८०।०२।०८	विसनपुर	दिनको १:०० बजे	कार्यपालिका सदस्य-श्री अरुण कुमार नाहर,वडा समिति, वडा सचिव
५	५ नं. वडा कार्यालय, मझौरा विसनपुर	२०८०।०२।०७	विसनपुर	दिनको १:०० बजे	कार्यपालिका सदस्य -श्री गेना देवी पासमान,वडा समिति, वडा सचिव
		२०८०।०२।०८	गोबरौरा	दिनको १:०० बजे	नगर उपप्रमुख-श्री मंजु देबी साह वडा समिति, वडा सचिव
६	६ नं. वडा कार्यालय, मटिहानी	२०८०।०२।०७	मटिहानी	दिनको १:०० बजे	नगर उपप्रमुख-श्री मंजु देबी साह वडा समिति, वडा सचिव
७	७ नं. वडा कार्यालय, मटिहानी	२०८०।०२।०८	मटिहानी	दिनको १:०० बजे	कार्यपालिका सदस्य -श्री दुलारी देवी वडा समिति, वडा सचिव
८	८ नं. वडा कार्यालय, मटिहानी	२०८०।०२।०७	मटिहानी	दिनको १:०० बजे	कार्यपालिका सदस्य -श्री दुलारी देवी वडा समिति, वडा सचिव
९	९ नं. वडा कार्यालय, सिमरदही	२०८०।०२।०७	बहुअर्वा	दिनको १:०० बजे	कार्यपालिका सदस्य-श्री सकुनी देवी, वडा समिति, वडा सचिव
		२०८०।०२।०८	सिमरदही	दिनको १:०० बजे	कार्यपालिका सदस्य-श्री सकुनी देवी, वडा समिति, वडा सचिव

CamScanner

मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:०७९/०८०
चलानी नं. : १९९१

मिति :२०८०।२।१८

विषय- नगरसभाको बैठक सम्बन्धी सूचना ।

श्री नगर उपप्रमुखज्यू ,
श्री सबै नगरसभा सदस्यज्यूहरु ।(सबै वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा समिति सदस्यज्यूहरु)

उपरोक्त विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ४ को दफा २ र ४ बमोजिम नगरप्रमुखज्यू नगरसभाको बैठक आह्वान गर्नु भएकोले देहायको मिति, समय र स्थानमा प्रारम्भ हुने ११ औं नगरसभामा अनिवार्य उपस्थितिको लागि मिति २०८०।०२।०२ गतेको निर्णयानुसार नगरसभाका सम्पूर्ण सदस्यज्यूहरुलाई आदेशानुसार अनुरोध गरिन्छ ।

निम्नः

मिति - २०८० आषाढ ६ गते बुधबार ।
समय - दिनको ११.३० बजे ।
स्थान - मटिहानी होटेल, मटिहानी न.पा. - ८

चन्द्रशेखर शर्मा
प्रमुख प्रशासकीय अधिकृत